# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय

## प्रेस विज्ञप्ति

विगत केही समयदेखि यस बैंकका अधिकारीहरूको हवाला दिंदै विभिन्न बैंक तथा वित्तीय संस्थाहरूका बारेमा प्रकाशित भ्रामक समाचारहरूप्रति यस बैंकको ध्यानाकर्षण भएको छ । नेपाल राष्ट्र बैंकका सूचना तथा समाचारहरू बैंकका प्रवक्ता मार्फत् मात्र प्रवाहित हुने हुँदा त्यस बाहेकका समाचारहरू बारे भ्रममा नपर्न सम्बन्धित सबैलाई अनुरोध गरिएको छ । साथै, कुनै बैंक वा वित्तीय संस्थाका बारेमा कोही कसैलाई कुनै जानकारी चाहिएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाको संवेदनशीलता तथा प्रचलित कानुनको दायराभित्र रही बैंकका प्रवक्ता मार्फत् त्यस्तो जानकारी प्राप्त गर्न सकिने व्यहोरा पनि जानकारी गराइएको छ ।

मुलुकको वित्तीय प्रणालीमा समग्रतामा ठूलो समस्या नरहेको र केही संस्थाहरूमा देखिएको तरलताको अल्पकालीन समस्यालाई यस बैंकले पुनर्कर्जा, विशेष पुनर्कर्जा, रिपो तथा अन्तिम ऋणदाता कर्जा अन्तर्गत समाधान गरिरहेको हुँदा सबै निक्षेपकर्ताहरूले नियमित रूपमा आ-आफ्नो बैंक वा वित्तीय संस्थासँग यथावत् कारोबार गरिरहन नेपाल राष्ट्र बैंक सम्बन्धित सबैलाई आग्रह गर्दछ ।

नेपाल राष्ट्र बैंकको तर्फबाट

**भाष्कर मणि ज्ञवाली**
प्रवक्ता तथा कार्यकारी निर्देशक

मिति :– २०६८।२।३१